जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक ४८ • २०८० मंसिर २५ गते सोमवार • 11 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## चिसोसंगै बर्दिबास अस्पतालमा श्वासप्रश्वासका बिरामी बढे

रासस
महोत्तरी, २४ मंसिर



चिसो बढेसँगै महोत्तरीमा श्वासप्रश्वासका बिरामीको सङ्ख्या बढेको छ। एक्कासी चिसो बढेपछि उपचारका लागि आउने श्वासप्रश्वासका बिरामी बढेका बर्दिबास अस्पतालका मेडिकल अधिकृत डाक्टर किशोर अधिकारीले बताए । अहिले दैनिकजसो सरदर ३०-४० जना श्वासप्रश्वासका बिरामी उपचारका लागि बर्दिबास अस्पतालमा आउने गरेका छन्। 'गत सातादेखि नै अस्पतालमा बिरामी बढेका छन्, अहिलेका बिरामीमा श्वासप्रश्वास र हाडजोर्नी दुख्ने समस्याका बढी भेटिएका छन्,' उनले भने, 'खासमा बढ्दो चिसोमा आवश्यक सावधानी र सम्भार नअपनाइँदा बिरामी बढ्ने गरेका हुन्।' यस्ता बिरामीमा ग्रामीण बस्तीका वृद्धवृद्धा र महिला बढी छन्। मौसमअनुसार खानपान अन्य आहार व्यहारमा ध्यान नदिँदा श्वासप्रश्वास, हाडजोर्नी दुख्ने र आँखाका बिरामी बढेका अस्पतालका मेडिकल अधिकृत डा.चन्द्रमणि खत्रीले बताए। जिल्ला

बांकी पृष्ठ २

## आर्थिक मन्दीको बखत प्याज लुकाएर मनपरी मूल्य असुल्दै व्यवसायी

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २४ मंसिर



व्यवसायीहरुको नियोजित हड्ताल र भारतको प्रतिबन्धका कारण बजारमा प्याजको हाहाकार भएको छ । भारतले शनिबारबाट लागू हुनेगरी प्याजको निर्यातमा रोक लगाएको छ। तर त्यसअघि नै मंसिर १९ गतेदेखि नेपालमा प्याजको कारोबार गर्ने व्यापारीहरुले प्याजको कारोबार ठप्प बनाएका थिए । व्यापारीहरुको प्याज बिक्री हड्तालकै बीच भारतले निर्यातमा प्रतिबन्ध लगाएपछि बजारमा अहिले प्याजको कालोबजारी सुरु भएको छ । आयातकर्ताहरुले सीमित पसलमा मात्रै उपलब्ध गराएको प्याजको मूल्य किलोमा ६० रुपैयाँसम्म बढेको उपभोक्ताहरुले गुनासो गरेका छन्। मंसिर १८ गते कालीमाटी तरकारी बजारमा प्याजको प्रतिकिलो थोक मूल्य ९७ रुपैयाँ थियो । तर १९ गतेबाट व्यापारीले आलु र प्याजको सरकारी अभिलेखमा हुने कारोबार नै रोकिदिए। त्यसलगत्तै बढ्न थालेको प्याजको मूल्य अहिले मनपरी

बांकी पृष्ठ २

## राजेन्द्र महतो लोसपाको विकल्प खोज्दै

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २४ मंसिर




लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) पार्टी गठन भएको दुई वर्ष बित्दा पनि सक्रिय नभएको भन्दै पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो लोसपाको विकल्प खोज्न थालेका छन् । उनी सके बहुमत पुऱ्याएर विधिवत् रुपमा पार्टी विभाजन गर्ने, नभए अर्को नयाँ पार्टी खोल्ने निष्कर्षमा पुगिसकेको संकेत दिएका छन् । महतोले आइतबार बस्ने केन्द्रीय समितिको बैठक बहिष्कार गरेका छन्। उनी निकट एक नेताले भने, 'अब महतोजी ठाकुर (महन्थ ठाकुर )जीसँग बस्नु हुन्न, लोसपामा र हेका अन्य नेताहरुले साथ दिएमा पार्टीलाई विभाजन गरेर अलग पार्टी बनाउनु हुन्छ, नभए अर्को नयाँ पार्टी नै गठन गर्नुहुन्छ तर अब ठाकुरजीसँग बस्नु हुन्न ।' माघ ५ गतेसम्म उनी लोसपामै

बांकी पृष्ठ २

## मधेश सरकारले संघ सरकारलाई दिएको एक महिने अल्टिमेट सकियो, दिए आन्दोलनको चेतावनी

जलेश्वरटुडे समाचारदाता
धनुषा, २४ मंसिर



प्रहरी समायोजन लगायत ६ सुत्रिय माग राख्दै दिएको एक महिने अल्टिमेट सकेपछि संकल्प प्रस्तावसहित पुगेका मधेश सरकार प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डलाई ध्यानाकर्षण गराएको छ।
हिजो सकिएपछि आज मधेश सरकार का मुख्यमन्त्रीको नेतृत्वमा प्रमुखप्रतिपक्षी नेकपा एमालेसहित दलका नेताहरु प्रधानमन्त्री निवास बालुवाटारमा प्रचण्डलाई भेटेर ध्यानाकर्षण गराएका हुन्।
संविधानमा व्यवस्था भएबमोजिमका सङ्घीय कानुनहरू चाँडो निर्माण गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन्। एक महिनाभित्र प्रदेश प्रहरी समायोजन, निजामती सेवा एन लगायत कार्यान्वयन गरिसक्न दिएको अल्टिमेटम सकिएकाले आफूहरू सङ्घर्षमा जाने प्रधानमन्त्रीलाई चेतावनी दिएको मुख्यमन्त्री सरोजकुमार यादवले बताए। 'हामीले भन्यौं अल्टिमेटको समयभित्र माग पूरा भएन । अब संघर्षमा जान्छौं' मुख्यमन्त्री यादवले भने 'उहाँले भन्नु भयो। तपाइहरुको मागप्रति हामी सकरात्मक छौं। दबाब बढाउनु पर्छ। अलि समय थपिदिनु पर्यो भनेर। मुख्यमन्त्री यादवले समय थप गर्ने वा नगर्ने बारे आज गठबन्धनका दलका तथा प्रमुख प्रतिपक्षी दलका नेताहरुलाई भेटेर यस विषयमा ध्यानाकर्षण गराउने बताए । त्यसपछि मधेश प्रदेशका दलका नेताहरु बसेर छलफल गरी संघर्षको विषयमा निर्णय लिने उनको भनाइ छ।









## सम्पादकीय ...

# कालोबजारीलाई नियन्त्रण गर

कालोबजारी अहिले नियन्त्रण भन्दा बाहिर गएको सर्वसाधारणले समेत बुझ्न थालेको छ । आर्थिक मन्दीको बखत कालोबजारीले आमजनताको दुखलाई घटाउनुको सट्टा बढाएको छ । अहिले आलु,प्याजदेखि लिएर अन्य खाद्य सामाग्रीहरु र विभिन्न उपभोग्य सामानहरुको मुल्यमा बृद्धिको मुख्य कारण कालोबजारी नै हो । कालोबजारी सबै ठाउँमा प्रश्रय लिएको छ । नेपालमा कालोबजारी र मुल्य बृद्धिको बिरोध भएको विरलै पाइन्छ । यहाँ नेपाल सरकारको मुल्य मापदण्ड भए पनि ठाउँ पिच्छे फरक–फरक मुल्य रहेको पाइन्छ । बजार अनुगमन र दण्डसजायको कमीको कारण कालोबजारी फ्रस्टाएको विज्ञहरुको सल्लाह रहेको छ । भारतमा कुनै पनि सामानको मुल्य बृद्धिको खबर सुन्नासाथ नेपालमा व्यवसायीहरु सो बस्तु लुकाउने गरेको पाइएको छ । कृत्रिम रुपमा सो बस्तुको अभाव सृजना गरी सो बस्तुको मुल्यमा बृद्धि गर्ने गरेको पाइएको छ । यसले गर्दा व्यवसायीहरु मोटो रकम कमाउँछन् भने सेवाग्राही आर्थिक शोषणको शिकार बन्न पुग्दछ । यसको प्रभाव समग्र देशमा पनि पर्न जान्छ । त्यसकारण कालोबजारीलाई हटाउन तथा नियन्त्रण गर्न गराउनको लागि सम्बन्धीत सरोकारबालाहरुले समेत समय–समयमा अनुगमन गर्नु पर्दछ । अहिले हरेक बजारमा यस्तो परिवेश देखिन्छ । यसको नजिकबाट रेखदेख हुनुपर्दछ । साथै सामान्य व्यवसायीहरु तथा आमजनताले समेत यस्तो कालोबजारीको डटेर विरोध गर्न सक्नु पर्दछ ताकि यस्तो कालोबजारीहरु समयमै सुध्रेर व्यवसायलाई व्यवसाय जस्तो मान्न थालोस् । यसको लागि नेपाल सरकारले पनि कालोबजारी सम्बन्धी बनाएको कानुनलाई गंभीर रुपमा लागु गर्न गराउन सक्नुपर्दछ । नेपाल सरकारको विभिन्न निकायहरुलाई सक्रिय गर्न गराउन आवश्यक रहेको देखिन्छ ।

## चिसोसँगै ......

सदरमुकाम जलेश्वरस्थित जलेश्वर जिल्ला अस्पताल, गौशाला र सम्सीस्थित प्राथमिक स्वास्थ्य केन्द्र र जिल्लाका १५ वटै स्थानीय तहमा रहेका स्वास्थ्यचौकी र अन्य निजीस्तरमा सञ्चालित अस्पतालमा पनि श्वासप्रश्वास र आँखाका बिरामी आउने क्रम बढेको छ । जिल्लाका सबैजसो मुख्य सडकमा उड्ने धुलो, जाडो छल्न प्लाष्टिक, भिजेका पतिङ्गर, पुराना टायर र फोहर लुगामा आगो सल्काएर तापिने 'घुर'को धुँवाले श्वासप्रश्वास र आँखाको समस्या बढाएको स्वास्थ्य कार्यालय महोत्तरीका निमित्त प्रमुख सुनिता गुप्ताले जानकारी दिए । जिल्लाको मध्य र दक्षिणी भेगमा यस्तो समस्या दलित र गरिबका झुपरबस्ती (पराले झुप्राका बस्ती)मा बढी देखिएको छ । चिसो बढेसँगै धुलो र धुँवाका कारण बढेको स्वास्थ्य समस्या आहारव्यवहारबाट नियन्त्रण गर्न सकिने चिकित्सक र स्वास्थ्यकर्मीको भनाइ छ। 'हेर्नुहोस्, घरबाट निस्कनासाथ जतातत्तै धुलो उडिरहेको देखिन्छ, तर आम नागरिक मास्क लगाउने गर्दैनन्',स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झाले भने, 'यसले गर्दा श्वासप्रश्वाससँगै जटिल स्वास्थ्य समस्या बढ्ने गर्छन्।' आहार, निद्रा, आन्तरिक र बाह्य सरसफाइ, श्रम तथा मौसमअनुसार लवाइ सन्तुलित गरे हम्मेसी कुनै स्वास्थ्य समस्या नआउने उनले बताए। यसैबीच महोत्तरीका स्वास्थ्य संस्थाले धमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहारसम्भारमा ध्यान दिन आग्रह गरेका छन्। घरमा आफ्नै वरपर पाइने सागपात र गेडागुडीको झोल खान, बिहान-बेलुका अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर वरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएका छन्। यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो भ्यास सल्काएर आगो नबाल्न आग्रह गरिएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुँवाले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने स्वास्थ्य कार्यालय प्रमुख गुप्ताले बताए । चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा बिहान-बेलुका जाडो छल्ने उपायका लागि काम गर्न स्थानीय तहसँग सामाजिक सङ्घसंस्थाले आग्रह गरेका छन्। 'क्षति हुन थालेपछि मात्र राहतका पोका बोक्ने बानी छ हाम्रो, अब स्थानीय तहको नेतृत्व चनाखो हुनपर्छ', प्रयास महोत्तरीका अध्यक्ष प्रवीण कर्णले भने, 'अहिलेको तदारुकताले पछि अप्ठ्यारो बेला व्यवस्थापन गर्न सजिलो हुन्छ।' मङ्सिरमै लगलगी कमाउने चिसो बढेपछि पुस र माघ झनै चिसो बढ्ने अड्कलले गरिब बस्तीमा चिन्ता बढेको छ। यसैबीच जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीले जिल्लाका १५ वटै स्थानीय तह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति यसपालि हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ।

## आर्थिक मन्दीको ......

तोकिएको छ । छिटफुट रुपमा उपलब्ध भएको प्याजको मूल्य १७० रुपैयाँसम्म प्रतिकिलो मूल्य तिरेको उपभोक्ताहरुको गुनासो छ । कालीमाटी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठका अनुसार बजारमा शनिबार बेलुकी जम्मा एक गाडी हाराहारी प्याज आएको थियो । त्यो एकैदिनमा हारालुछ भएको समितिले जनाएको छ। यता प्याज व्यापारीहरुको संस्था नेपाल कृषि उपज आलु प्याज आयात निर्यात तथा थोक बिक्रेता संघले पनि शनिबार बेलुकी जम्मा एक गाडी प्याज आएको र त्यसको बिक्री सकिएको जनाएको छ । संघका महासचिव प्रकाश गजुरेलले बजारमा प्याज नभएको बताए। 'यसपटक हड्ताल गरेर बर्बाद गरियो,' उनले भने, 'हड्तालका कारण आयात गर्न पनि पाइएन यही बेला भारतले प्रतिबन्ध गरिदियो।' आफूहरुले चाहेर पनि बजारमा प्याज आयात गर्न नसकेको भन्दै उनले बजारमा प्याजको मौज्दात पनि नरहेको दाबी गरे। संघका अनुसार शनिबार राति आएको प्याज प्रतिकिलो १४० रुपैयाँ माथिका खरिद बिक्री गरिएको थियो । भन्सार भन्छ- प्याज आयातमा हड्ताल थिएन व्यापारीहरुले बजारमा प्याज नभएको बताइरहँदा भन्सारले भने त्यसको खण्डन गरेको छ। काठमाडौंमा व्यापारीहरुको १९ मंसिर देखि आलु र प्याजको आयात र कारोबारमा हड्ताल गरेको भनी दाबी गरिरहँदा नेपालका प्रमुख भन्सार बिन्दुहरुबाट भने प्याजको आयात निर्वाध भइरहेको भन्सार कार्यालयहरुले जनाएका छन्।

## राजेन्द्र महतो ......

बस्नेछन् । महतोले तीन वटा पुस्तक लेखेका छन्। ती तीन वटै पुस्तक मधेस बलिदानी दिवसका दिन बिमोचन गराउने र त्यसपछि मात्र नयाँ पार्टीका लागि गृहकार्य गर्ने स्रोतले दाबी गरेको छ । सम्भवत: मधेसको बलिदानी दिवसको दिन महतोले आफ्नो तयारीको बारेमा पनि घोषणा गर्ने छन्। 'महन्थ ठाकुरले केही गर्नुहुन्छ कि भनेर दुई वर्षदेखि महतो प्रतीक्षामै रहे पनि ठाकुरजी टसमस नभएपछि विकल्पबारे खोजी हुन थालेको हो,' महतो निकट एक पदाधिकारीले भने, 'भरोसा र प्रतीक्षाको एउटा सीमा हुन्छ, ठाकुर जीले सबै पार गरेपछि महतोजी यस्तो निष्कर्षमा पुग्नुभएको हो । हेरौं, यो केन्द्रीय समितिको बैठकपछि ठाकुरजी कसरी मुभ गर्नुहुन्छ ।' गजेन्द्रनारायण सिंहले स्थापना गरेको नेपाल सद्भावना

बांकी पृष्ठ ३




लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी


## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: मनमा पछुतो आउने
मिथून: खानपानमा समस्या आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: आम्दानी हुने
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: अनावश्यक खर्चको संभावना
धनु: अनावश्यक चिन्ता
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अष्ट्रेलियाले विदेशी मूलका व्यक्तिको खाली घरको कर बढाउने

एजेन्सी
सिड्नी, २४ मंसिर



अष्ट्रेलिया सरकारको घोषणा अस्ट्रेलिया सरकारले भाडाको सङ्कट कम गर्ने प्रयासस्वरूप विद्यमान घरका विदेशी खरिदकर्तालाई शुल्कमा नाटकीय वृद्धि गर्ने घोषणा गरेको छ।

अष्ट्रेलियामा भाडामा कोठा पाउन कठिन बनेपछि लेबर पार्टीले खाली घर नराख्न प्रोत्साहन गर्न र कोठा भाडा पाउने अवस्थालाई सहज बनाउन नयाँ वर्षको सुरुमा नै नयाँ कानुन ल्याई घरका विदेशी खरिदकर्ताले घरलाई खाली राखेमा बढी कर तिर्नुपर्ने व्यवस्था गर्न लागेको हो। घर निर्माण घट्दै जाँदा सेप्टेम्बर ३० सम्मको अवधिमा भाडाको मूल्य १४ वर्षयताकै सबैभन्दा तीव्र स्तरमा अर्थात् ७.६ प्रतिशतले बढेको छ। कोषाध्यक्ष जिम चाल्मर्सले भने,"अस्ट्रेलियाको ग्रामीण क्षेत्रमा धेरै घरहरू खाली छन्। तर कोठाभाडा पाउन कठिन हुने गर्छ।"

स्काई न्यूज अष्ट्रेलियासँगको अन्तर्वार्तामा उनले भने, "अष्ट्रेलियालीहरूका लागि पर्याप्त आवासीय भवन उपलब्ध छैन।" सरकारले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यी उपायहरूले विदेशीहरूलाई विद्यमान स्टक किन्नुको सट्टा नयाँ आवास विकासमा लगानी गर्न प्रेरित गर्ने लक्ष्य राखेको छ।"

# सहकारी महासंघको निर्वाचन पुस अन्तिम साता हुने

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २४ मंसिर



राष्ट्रिय सहकारी महासंघको भावि नेतृत्वका लागि आगामी पुस अन्तिम साता निर्वाचन हुने भएको छ। आइतबार बसेको सञ्चालक समितिको बैठकले महासंघको निर्वाचनसहितको ३१ औं वार्षिक साधारणसभा पुस २७ र २८ गते ललिपुरमा गर्ने निर्णय गरेको हो। उक्त निर्वाचनले एक पदेन सदस्यसहित २५ जना कार्यसमिति सदस्य चयन गर्नेछ। महासंघका अध्यक्ष मिनराज कँडेलको अध्यक्षमा बसेको बैठकले पुस २३ गतेभित्र साधारण सभाका राष्ट्रिय प्रतिनिधि छनोट गरी पठाइसक्नु सम्पूर्ण सदस्य संघहरुलाई परिपत्र गरेको छ। साथै, सोही मितिभित्र आर्थिक बर्ष २०७९/८० को लेखा परिक्षण प्रतिवेदनसहित सदस्यता शुल्क समेत बुझाउने समितिले सदस्य सघंहरुलाई भनेको अध्यक्ष मिनराज कँडेलले बताए। आइतबार बैठकले सहकारी साइबर सुरक्षा मार्गदर्शन २०८० स्वीकृत गरि साधारणसभामा पेस गर्ने निर्णय समेत गरेको छ। साइबर अपराधीहरुबाट हुने आक्रमणहरुबाट हुने डाटा तथा वित्तीय नोक्सानीहरु विरुद्ध सुरक्षा गर्न साइबर सुरक्षा मार्गदर्शन आवश्यक रहेको महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले बताइन्।





## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी


# परिणीति चोपडाको फिल्म फ्लप भएपछि राजनीति गर्ने आशंका

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २४ मंसिर



बलिउड अभिनेत्री परिणीति चोपडाले आम आदमी पार्टीका नेता तथा सांसद राघव चड्डासँग बिहे गरेकी छिन्। गएको सेप्टेम्बर २४ मा यी दुईको बिहे भएको थियो। बिहेपछि परिणीतिको 'मिशन रानीगञ्ज: द ग्रेट भारत रेस्क्यु' रिलिज भयो। तर यो फिल्म बक्स अफिसमा नराम्ररी फ्लप भयो। बिहेपछि परिणीतिको फिल्मी करियरमाथि प्रश्न उठ्न सुरु भएको छ। केहीले उनले अब खेल्नै छाड्ने पनि बताइरहेका छन्। विगत केही समयदेखि उनी राजनीतिमा जाने हो कि भन्ने अफवाह पनि सुन्नमा आएको थियो। यस मामिलामा परिणीतिले अब भने मुख खोलेकी छिन्। एउटा कार्यक्रममा परिणीतिलाई उनी राजनीतिमा जान इच्छुक छिन्? भनेर सोधिएको थियो। यो प्रश्नको जवाफमा उनले मुस्कुराउँदै भनेकी थिइन्, 'म तपाईंलाई एउटा सफल बिहेको रहस्य भन्छु है। म कलाकार हुँ, उनी राजनीतिज्ञ। उसलाई बलिउडबारे केही थाहा छैन अनि मलाई राजनीतिबारे। त्यसैले हाम्रो बिहे राम्रो चलिरहेको छ।'परिणीतिले जवाफ सुन्दा त यही प्रष्ट हुन्छ कि उनी राजनीतिमा 'इन्टरेष्टेड' छैनन्। उनी अभिनयको दुनियाँमै रहिरहन चाहन्छिन्। 'मान्छेहरु बिजी भएकै कारण खाना खान वा सुत्न पाइन भनेर गर्वका साथ कुरा गर्छन्।' काम र निजी जीवनबिच सन्तुलन बनाउन निकै जरुरी भएको भन्दै उनले भनिन्। 'म आफू पनि कठोर मेहनतमा विश्वास गर्छु। तर मलाई आफ्नो साथीभाईसँग भेट्न र छुट्टीमा जान पनि मन पर्छ,' उनले भनिन्। आफू ८५ या ९० वर्षको हुँदा जीवनमा पछाडि फर्केर हेर्दा आफूले जस्तो चाहेको थियो त्यस्तै जीवन बाँचे भनेर खुसी मिल्नु पर्ने पनि उनले बताइन्। बिहे अघि परिणीतिले दलजीत दोसान्झसँग इम्तियाज अलिको चमकीला फिल्मको सुटिङ पूरा गरेकी थिइन्।

# यू-१९ एसिया कपमा नेपालको लगातार दोस्रो हार

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २४ मंसिर



दुबईमा जारी यू-१९ एसिया कपमा नेपालले लगातार दोस्रो हार बेहोरेको छ। आइतबार भएको खेलमा नेपाल अफगानिस्तानसँग ७३ रनले पराजित भएको हो।

नेपाल पहिलो खेलमा पाकिस्तानसँग ७ विकेटले पराजित भएको थियो। अफगानिस्तानले प्रस्तुत गरेको २ सय ६२ रनको लक्ष्य पछ्याउने क्रममा नेपालले ४०.१ ओभरमा सबै विकेट गुमाएर १ सय ८८ रन मात्र बनाउन सक्यो। नेपालका लागि ओपनर अर्जुन कुमालले उत्कृष्ट ब्याटिङ गरे पनि टोलीलाई जीतसम्म डोऱ्याउन सकेनन्। उनले १ सय ८ बलमा ९१ रन बनाउँदै टोलीको स्कोरलाई अघि बढाएका थिए। उनले यस क्रममा १३ चौका प्रहार गरे। कुमालबाहेक अन्य ब्याट्सम्यानले खुलेर रन बनाउन सकेनन्। कप्तान देव खनाल २४ रन बनाएर पभेलियन फर्किए भने गुल्सन झाले १७ रन तथा दीपक बोहराले १५ रन बनाए। त्यस्तै दीपेश कँडेलले ११ रन बनाउन बाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको अफगानिस्तानले जमसिद जादरानको शतकीय पालीको मद्दतले ४९.३ ओभरमा सबै विकेट गुमाएर २ सय ६१ रन बनाएको थियो। रिटायर्ट आउट हुन अघि जादरानले १ सय ५२ बलमा १ सय ६ रन बनाए। उनले आठ चौका प्रहार गरे।






## राजेन्द्र महतो ......

पार्टीबाट आफ्नो राजनीतिक यात्रा सुरु गरेका महतोले पछि आफ्नै नेतृत्वमा सद्भावना पार्टी गठन गरेका थिए। केही समयपछि विभिन्न मधेसवादी दलसँग मिलेर उनले राष्ट्रिय जनता पार्टी गठन गरेका थिए। त्यो पार्टीमा पनि ठाकुर र महतोबिच राम्रो सम्बन्ध रहेन। दुई जनाको बिचमा पटक पटक विवाद उत्पन्न भएको थियो। अध्यक्ष मण्डल प्रणालीबाट पार्टी सञ्चालन भए पनि ठिकठाक चलेन। पछि उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीसँग एकीकरण गरेर जनता समाजवादी पार्टी बनाइएको थियो। तर सो पार्टीमा पनि विवाद बढेर विभाजन भयो। जसपा विभाजन भएर लोसपा बनेको थियो। लोसपा बनेको दिनदेखि नै विवाद सुरु भएको थियो। त्यो विवादले पार्टीलाई फुटको सँघारमा पुऱ्याएको छ। वरिष्ठ नेता महतो निकट मानिएका लोसपाका नेता राजीव झा भन्छन्, 'लोसपा विभाजन हुँदैन तर अब महन्थजीको नेतृत्वमा पार्टी चल्दैन।'

साभार : रातोपाटी

# काल : आत्महत्या रोक्न ड्रामाथेरापी

–ध्रुवसत्य परियार

**(पत्रकारितामा विश्वव्यापी बहस छ – रिपोर्टिङका क्रममा 'आत्महत्या प्रयास, आत्महत्याको प्रयास असफल' जस्ता वाक्यांशको प्रयोग गर्नु गलत हो । किनभने यस्ता वाक्यांशले आत्महत्यालाई सफलताको रूपमा अर्थ्याउँछ । यो आलेख यसैसँग सम्बन्धित भएकाले यहाँ यो डिसक्लेमर (अस्वीकरण) राखिएको हो । यद्यपि, आत्महत्या कम गर्न संसारभरि विभिन्न आयामबाट बहस, छलफल तथा प्रयास भइरहेकै छन् ।)**

मञ्चभरि डोरीहरू झुन्ड्याइएका छन् । डोरीलाई साहित्य वा कलामा सामान्यत: आत्महत्याकै प्रतीकका रूपमा बुझिन्छ। यसबाहेक डोरीले सम्बन्ध, सहारा, जोडाइ, कसाइ ( कस्ने काम)लाई पनि संकेत गर्छ। साहित्यको विषयवस्तु वा कथानकमा आएका आयाम अनुसार, डोरीलाई विभिन्न विम्ब वा प्रतीकका रूपमा ल्याउन सकिने नै भयो।

प्रसङ्ग, थापागाउँस्थित कुञ्ज नाटकघरमा मञ्चन भइरहेको नाटक 'काल'को हो । रामभजन कामतको लेखन, निर्देशन र परिकल्पना रहेको यस नाटकमा वरिष्ठ रङ्गकर्मी सुनील पोखरेल (निर्देशक कामतका गुरु पनि) युवाको भूमिकामा छन्, पोखरेलका अर्का शिष्य प्रवीण खतिवडा ( प्रधानपात्र) वृद्धको भूमिकामा देखिएका छन्।

पश्चिमाको परिभाषाबाट हेर्दा 'काल' नाटक 'फार्स' र 'ब्ल्याक कमेडी' शैलीको देखिन्छ भने पूर्वीय (भारतीय) परिभाषामा हेर्दा स्वाङ (हिन्दीमा स्वांग) शैलीको । नाटकको सुरुवातमै निर्देशकको मृत्यु भइसकेको र उसको फोटोमा माला लगाएको दृश्य छ, यो दृश्य झुक्किएजस्तो गरी ल्याइन्छ। अर्कोतिर, नाटकको सुरुवाततिरै भनिन्छ, पत्रकार र वकिलले अभिनय गर्न थाले, यी कलाकार (मञ्चमा उपस्थित) लाई काम भएन। यसरी हास्य-व्यङ्ग्य शैलीमा रङ्गमञ्च र वास्तविक समाज वा जीवनको दूरी मेट्दै नाटक अगाडि बढ्छ र आत्महत्याको विषयलाई कथानकमा घुसाउँछ।

नाटककै बीचमा वृद्धको भूमिका निभाउने प्रवीण र युवाको भूमिका निभाउने सुनीलले आफ्नो नक्कली कपाल झिकेर वास्तविक संसारमा आउँछन् । अर्थात् यस नाटकले अनुकरण र अभिनय दुवैका माध्यमबाट दर्शकलाई आत्महत्या गलत हो भनी बुझाउन खोजेको छ। मंगलबार नाटक हेरेर बाहिर निस्कँदा बाहिर प्रांगणमा समेत केहीबेर नाटककै अंशस्वरूप पात्र सुनील पोखरेल नाटकका अन्य कलाकारलाई आत्महत्या गलत हो भनी बुझाउँदै थिए। यसरी यो नाटकले जीवनका अँध्यारा पक्षमा छलफल गर्न प्रेरित गरेको बुझिन्थ्यो।

आनन्द निवासको वृद्ध (प्रधानपात्र)लाई सजिलो गरी आत्महत्या गर्ने तरिका सिकाउन दया अधिकारी (सुनील पोखरेल)लाई नियुक्त गरिएको हुन्छ, मासिक ५० हजार रुपैयाँ तलब तोकेर र अग्रिम पाँच लाख रुपैयाँ दिएर। दयाले दिएको अनेक तरिकाबाट प्रधानपात्र चाहेर पनि मर्न सक्दैन। झुन्डिन खोज्दा एकपटक रुखको हाँगा भाँचिन्छ, संयोग भनौं। करेन्ट लगाएर कोसिस गर्दा भ्याप्प बत्ती जान्छ, लोडसेडिङको समस्या। डुब्न खोज्दा गोही र माछाहरूले जोगाउँछन् । गाडीको अगाडि जाँदा सानी बच्ची आइपुग्छिन्। यसरी नाटकमा देशसँगै एउटा व्यक्तिले भोगेको आर्थिक मन्दी लगायत समस्या र मानवीय संवेदना प्रस्तुत गरिन्छ । माछाहरूले जोगाउनुलाई आत्महत्या प्राकृतिक होइन भन्न खोजेको बुझिन्छ।

मंगलबार नाटक हेरेर बाहिर निस्कँदा बाहिर प्रांगणमा समेत केहीबेर नाटककै अंशस्वरूप पात्र सुनील पोखरेले नाटकका अन्य कलाकारलाई आत्महत्या गलत हो भनी बुझाउँदै थिए। यसरी यो नाटकले जीवनका अँध्यारा पक्षमा छलफल गर्न प्रेरित गरेको बुझिन्थ्यो।

उसले जतिपटक मर्ने दुस्साहस गर्छ, त्यति नै पटक अर्को पात्रलाई दुखेको दृश्य मञ्चमा देखाइन्छ। त्यो दुखेको पात्रलाई आश्वासन दिन दया अँगालो हाल्न पुग्छ । यही दृश्यमार्फत कथानकको मूल भाव अभिव्यक्त गर्न खोजेको बुझिन्छ। यद्यपि यो दृश्य त्यति स्पष्ट र दर्शकसँग जोडिएजस्तो लाग्दैन। यसलाई खास प्रकाश, ध्वनि र सेट (साजसज्जा)ले स्पष्ट पार्ने ठाउँ देखिन्छ।

एउटा दृश्य छ, प्रधानपात्र वृद्धसँग दया अधिकारीले भूकम्पको बारेमा कुरा गरिरहेको हुन्छ। यस दृश्यमा वर्तमानको वृद्ध पात्रको केही दूरीमा आठ वर्षअघिको उसैलाई उभ्याइएको छ, उसको भूमिकामा अन्य पात्र उपस्थित छन् । वर्तमानको वृद्ध पात्रसँग कुरा गर्दागर्दै दया आठ वर्षअघिको उसैसँग कुरा गर्न पुग्छ। फ्ल्यासब्याकमा जाने यो शैली यस नाटकमा अद्भुत देखिएको छ।


आजभन्दा १० वर्षअघि शंकर खरेलले लेखेको 'काल' शीर्षकको कथाबाट प्रभावित भएर कामतले यो नाटकको कथानक विकास गरेका र हेछन्। यो दश वर्षमा आफूले यस नाटकको १० वटाभन्दा बढी ड्राफ्ट तयार गरेको कामत बताउँछन् । उनले नाटक लेख्दै जाँदा देश र संसार नै प्राकृतिक विपतको चपेटामा पर्‍यो । सुरुमा भूकम्प आयो, त्यसपछि विश्वव्यापी कोरोना महामारी । त्यसअघि नै देशले १० वर्षे जनयुद्ध भोगेको थियो । पछिल्लो समय नेपालमा आत्महत्या बढ्नु चिन्ता र बहसको विषय बनेको छ। आफ्नै छरछिमेक र आफन्तले आत्महत्या गर्न खोजेका अनेक कथा निर्देशक कामतसँग छन्।

'यो नाटक डिस्कोर्समा जानुपर्छ । आत्महत्या गर्ने समस्याबारे छलफल हुनुपर्छ । आत्महत्या गर्नेको दृष्टिकोणमा समस्या ठूलो होला, तर छलफलमा ल्याउँदा ती समस्या ठूला होइनन्। ड्रामा थेरापीकै रूपमा मैले यो नाटक तयार गरेको हुँ,' निर्देशक कामत भन्छन्, 'अहिले मानिसको काम-व्यवसाय चौपट भएका छन्। मानिसमा निराशा छ। उनीहरूका समस्यालाई राज्यले सुनिदिनुपर्छ।'

नाटकको प्रधानपात्रको मञ्चमा उदय नै बाकसभित्रबाट हुन्छ। यस्तो लाग्छ, यो पात्र एउटा मानसिक विक्षिप्तता फोडेर निस्केको छ। एकपटक जिउँदो प्रधानपात्र वृद्ध लास राख्ने खटमा आनन्दले बस्छ । यो दृश्यले यही संकेत गर्न खोजेको बुझिन्छ – आखिर मृत्यु अकाट्य छ, अन्तत: सबैको बाटो उही हो, त्यहाँ जान हतार किन गर्ने ? बरु समस्याहरूमाथि आनन्दले बसेर सोच्नुपर्छ।

नाटक हेरिसकेपछि मैले यस नाटकका कलाकार (सुनील र प्रवीण)सँग पनि छलफल गरेको थिएँ । उनीहरूका अनुसार, यस नाटकका कतिपय दृश्य रिहर्सलकै क्रममा विकास भएका हुन् । नाटकभरि मञ्चमा झुन्ड्याइएका डोरीहरू हट्दैनन् । तल्र्याङतुर्लुङ डोरीहरूका बीच नाटक सुरु हुनु र सकिनुले कलात्मक अर्थ त बोकेकै छ। एक खालको निरसता देखाउन एकै खालको सेट भइरहनुलाई पनि कला मान्न सकिएला।

यद्यपि, नाटक हेरिरहँदा दर्शकको रूपमा मलाई लागेको थियो, कम्तीमा नाटकको अन्त्यतिर समस्याको यो निरस संसार हटेर अर्को सुन्दर संसार आओस्। दर्शकलाई आत्महत्या जस्तो एक खालको दलदलबाट निस्केको आभास होस्। 'हो है, यो आइडिया पनि ठीक हो,' सुनीलले भने । नाटकमा आत्महत्याका दृश्य राखिएका छन् । कतै यसले उस्तै दर्शकको मानसिकतामा नकारात्मक प्रभाव त पार्दैन ? 'यो ब्ल्याक कमेडी हो । कला-साहित्यमा सधैँ पोलिटिकल्ली करेक्ट भन्ने हुँदैन,' सुनील भन्छन्, 'हामीले नाटकको अन्त्यतिर आत्महत्या गलत हो भन्ने किसिमले छलफल गरेका छौँ। र, आत्महत्या गर्न खोज्ने वृद्ध नै नाटकमा छैन, उसको भूमिका निभाइएको मात्र हो भन्ने हामीले नाटकभित्रै देखाएका छौँ।'



नाटकको सुरुवातमै निर्देशकको मृत्यु भइसकेको र उसको फोटोमा माला लगाएको दृश्य छ, यो दृश्य झुक्किएजस्तो गरी ल्याइन्छ। अर्कोतिर , नाटकको सुरुवाततिरै भनिन्छ, पत्रकार र वकिलले अभिनय गर्न थाले, यी कलाकार (मञ्चमा उपस्थित)लाई काम भएन । यसरी हास्य-व्यङ्ग्य शैलीमा रङ्गमञ्च र वास्तविक समाज वा जीवनको दूरी मेट्दै नाटक अगाडि बढ्छ र आत्महत्याको विषयलाई कथानकमा घुसाउँछ।

कलाकार प्रवीण भन्छन्, 'पोलिटिकल्ली करेक्ट वा इन्करेक्टभन्दा पनि नाटकको फर्म्याटले नै आत्महत्याका दृश्यलाई सिम्बोलिक राख्न भन्छ। काम गर्दै जाँदा केही इरर भए कि भन्ने मलाई पनि लागेकै हो।'

जेहोस्, आत्महत्यालाई कम गर्न हामीले विभिन्न ढंगले बहस गर्न आवश्यक छ। आत्महत्या गर्नुका पछाडि विभिन्न कारण वा समस्या हुन सक्छन्, त्यसमा राज्यले र समाजले सोच्न आवश्यक छ । योसँगै र ङ्गमञ्चका माध्यमबाट कथा कसरी भन्ने, यो पनि गम्भीर छलफलको विषय छ।

सामाजिक मुद्दालाई हेर्दा यस नाटकमा 'बाहुनको छोरालाई कोटा नभएको' संवाद समेत आएको छ । यो आवाजले पछिल्लो समय समाज ( खासगरी सामाजिक सञ्जालहरु)मा ठूलै स्वर गरेको देखिन्छ। यहाँनेर के स्पष्ट हुनुपर्छ भने, कोटाको अभ्यास विभिन्न क्षेत्रमा बाहुन-क्षत्री हालीमुहाली भएका बेला भएको थियो ।अझै पनि सरकारले तथ्यांक निकालेको छैन । निजामती सेवा, सेना, प्रहरी, शिक्षक लगायतमा कुन जात (भनिएको) र कुन जाति वा समुदायका व्यक्ति कति छन् भनी तथ्यांक निकाल्नुपर्ने हुन्छ। अहिले पनि जनजातिको कोटामा नेवारका पनि शाक्यले जागिर खाए, महिलाका कोटामा बाहुन-क्षेत्री महिला नै बढी आए भन्ने छ । मसँग एकजना ठकुरी साथीले भन्दै थिए, कोटा ठकुरीलाई पनि चाहिन्छ। समाजमा जातीय र वर्गीय विभेदको खाडल नहट्दासम्म सामाजिक न्याय स्थापनाका लागि सरकारी 'रोटी' (रोजगारी) समानुपातिक रुपमा बाँडेको राम्रो। खुला पदमा भिड्ने व्यवस्था नराखी आ-आफ्नो कोटामा लड्ने हो भने, खासगरी समाजमा सबैभन्दा पिँधमा रहेको दलित र खासगरी महिलाले अवसर पाउने थिए। यसमा रङ्गकर्मीजस्ता अलि चेतनशील भनिएको वर्ग सचेत हुन आवश्यक छ।

वरिष्ठ रङ्गकर्मीदेखि बालकलाकार ( सुरभी कामत)ले काम गरेको यस नाटक अभिनयका दृष्टिकोणले सशक्त छ । यो नाटकले यो पनि सन्देश दिएको छ, पुरानो र नयाँ पुस्ताको सहकार्यमा नाटकहरू बन्नुपर्छ, त्यसो हुँदा कथा भन्ने शैली र तरिका विकास हुन, नयाँपन वा फरकपन आउन सक्छ। मञ्चमा :

सुनील पोखरेल, प्रवीण खतिवडा, चन्द्र नेपाली, निता राई, केशव शाही, आशिष घिमिरे, अर्जुन सिवाकोटी, सन्देश (घनेन्द्र) कार्की, रोशन चन्द, सलिना क्षत्री, सुरभी कामत।

साभार : रातोपाटी




## नेपाल-भारत सीमा समस्या चाँडो टुङ्याउन जोड

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २४ मंसिर

भारत भ्रमणमा रहेका नेपालका विद्यार्थी संगठनहरुले भारतीय जनता पार्टीलाई नेपाल-भारत सीमा समस्या चाँडो टुङ्ग्याउन जोड दिएका छन्।

भाजपा विदेश विभागले गरेको अन्तर क्रियामा नेविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारी लगायतका विद्यार्थी संगठनका अध्यक्षहरूले एक स्वरमा सीमा समस्या चाँडो टुङ्ग्याउन जोड दिएका हुन्। नेताहरूले सीमा समस्या नटुङ्ग्याए नयाँ पुस्ताबाट छलफल अगाडि बढाउनुपर्नेमा विद्यार्थी संगठनका भनाइ थियो।




उनीहरुले नेपालका विश्वविद्यालय र भारती विश्वविद्यालयका विद्यार्थीहरुबीच एक्सचेन्ज कार्यक्रमलाई जोड दिएका थिए। अखिल भारतीय विद्यार्थी परिषद्को ६९ औं राष्ट्रिय सम्मेलनमा सहभागी हुन नेविसंघ, अनेरास्ववियु अखिल क्रान्तिकारी लगायत विद्यालय संगठनका नेतृत्वकर्ता भारत पुगेका थिए।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday